प्यूठान नगरपालिका

# नगरपालिकाबाट स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि,२०७५

# नगरपालिकाबाट स्वीकृत कार्यक्रमहरुको कार्यान्वन कार्यविधि,२०७५

नेपालको संविधान २०७२ अनुसार स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको विषयमा नेपाल सरकार प्रदेश सरकार वाट प्राप्त वित्तीय समानिकरण सशर्त अनुदान तथा स्थानीय तहको आन्तरिक श्रोत समेतबाट संकलन भई नगरपालिकाको संञ्चित कोषमा जम्मा भएको रकम विनियोजन भई नगरसभाबाट स्वीकृत भएका कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाको वैठक बाट मिति २०७५।१०।१४ मा स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम, “नगरपालिकाबाट स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि,२०७५” रहने छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद २

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

### २. लक्षित वर्गको पहिचान

क) कार्यक्रम स्वीकृत गर्दाको बखत लक्षित वर्ग र कार्यक्रम स्थल तोकिएकोमा सोही अनुसार हुने छ ।

ख) लक्षित वर्ग तथा कार्यक्रम स्थल नतोकिएको हकमा नगरपालिकाको विषयगत समितिमा छलफल गरी लक्षित वर्गको उत्थानका लागि पछाडि परेको क्षेत्र, समुदाय, वर्गको लागि पहिलो प्राथमिकता दिनु पर्नेछ ।

ग) सम्बन्धित विषयगत समितिको सिफारिसमा कार्यक्रम समन्वय समितिले छनौट गरेको वर्ग र स्थल हुनेछ ।

## ४. कार्यान्वयन गर्ने तरीका

क) सूचना गर्नु पर्ने : स्वीकृत कार्यक्रमको विवरण सहित कम्तीमा १५ दिनको सूचना दिई आवेदन संकलन गर्नु पर्ने छ । वडा कार्यालय, नगर कार्यपालिका कार्यालय, स्थानीय पत्रपत्रिका, अन्य श्रव्य तथा दृष्य, विद्युतीय माध्यम तथा भरपर्दो सूचनाको उपयोग गरिने छ ।

ख) सूचना संकलन पश्चात सम्बन्धित शाखाहरुले निवेदन उपर छानविन गरी समितिमा पेश गर्नु पर्ने छ ।

ग) समितिको वैठकबाट लाभग्राहीको छनौट गरिने छ ।

## ५) कार्यक्रमको समीक्षा

क) विगतमा अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेख राखी अनुगमन गरी कार्यक्रमको समीक्षा गरी सम्वन्धित शाखा वा इकाईले समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

ख) समन्वय समितिले विगत वर्षको समीक्षा र छनौटका आधारहरुमा न्यायसंगत तरीका बाट वितरण गर्नु पर्नेछ । सम्बन्धित शाखाहरुबाट लाभग्राहीहरुको वर्गीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ६. लाभग्राहीको छनौटका आधारहरु

१) कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य प्राप्तिका लागि आधारहरु निम्न अनुसार हुनेछन ।

क) शीपमूलक, व्यावसायिक र दक्षता हासिल गर्ने कार्यक्रम

ख) गरीवी न्यूनीकरण हुने

ग) रोजगारी श्रृजना हुने

घ) आफूले गर्नु पर्ने कार्यमा स्थानीय सामग्रीहरुको उपयोग हुने

ङ) आयस्तरमा बृद्धि हुने

च) दिगो, वातावरण संरक्षण हुने

छ) अति विपन्न, एकल महिला, जेष्ठ नागरिक, द्वन्द्व पीडित, अशक्त र अपाङ्गहरुको उत्थान हुने खालको

ज) वितरणमुखी नभई उत्पादन मुखी हुनु पर्ने

झ) परम्परागत संस्कृति संरक्षण हुने ।

ञ) सामाजिक व्यवहारमा असर नपुऱ्याउने ।

**७. सहयोग लिन सकिने** : लागत सहभागिताका लागि, सम्बन्धित पक्ष, निजी क्षेत्र, गैर संरकारी संस्था तथा अन्तराष्ट्रि गैर सरकारी संस्थाहरुसंग पनि सहकर्यमा कार्य गर्न सकिने छ ।

गैर सरकारी संस्था तथा निजी क्षेत्रले त्यस्तो कार्य गर्न योजना तर्जुमा गर्ने समयमा सम्पूर्ण गरी बजेट नगर सभावाट कार्यक्रम स्वीकृत गरेको क्षेत्र मा आफ्नो तर्फ बाट मात्र सहायता गर्न सक्नेछ ।

**८. कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया**

क) नगर सभावाट कार्यक्रम स्वीकृत भएपछि वार्षिक खरीद योजना अनुसार कार्यक्रमको अधिकार प्रत्योजन भएपछि सम्बन्धित शाखाले कार्ययोजना तयार गरी विषयगत समितिका सहमतिमा खरीद योजना अनुसार प्रमुख प्रशासकीय अधिकृत बाट कार्यक्रम कार्यान्वयनका लागि स्वीकृति लिई कार्यविधि अुनसार कार्यक्रम आदि वनाउनु पर्नेछ ।

ख) लक्षित वर्गलाई सूचना गरी प्रस्ताव माग गर्ने, प्रस्ताव उपर छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न लाभग्राही वा त्यस्तो कार्य सम्पन्न गर्नका लागि लाभग्राहीहरु मध्येबाट कार्यक्रम कार्यान्वन समितिसंग सम्झौता गरी कार्य अगाडी बढाउनु पर्नेछ ।

ग) कार्यालय संग कारोवार गर्दा प्रचलित खरीद ऐन, नियम तथा अन्य कार्यविधि, प्रकृयाहरु अनुसार गर्नु पर्नेछ ।

घ) प्राविधिक सहायता, सहयोग तथा वस्तुगत सहायता प्रदान गर्दा जिन्सी सामान वितरण गर्दा विषयगत शाखा ,वडा कार्यालय, नगर कार्यपालिका कार्यालय मार्फत गर्न सकिनेछ । आर्थिक कारोवार गर्दा बैङ्क मार्फत गरिने छ ।

**९.अनुगमन** : वडा समिति तथा नगर स्तरीय अनुगमन समितिले योजना, कार्यक्रमको अनुगमन गरी, राय, सल्लाह तथा सुझाव प्रदान गर्न सक्ने छ । ती सुझावहरु लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने छ ।

**१०. कार्यविधिमा संशोधन** : आवश्यकता अनुसार कार्यविधिमा संशोधन, थप घट, हेरफेर गर्न सकिने छ ।

**११. लाभग्राही छनौट समिति**

क) सम्बन्धित विषयगत समितिको संयोजक - अध्यक्ष

ख) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

ग) सम्बन्धित कार्यक्रम संचालन गर्ने शाखा/ उपशाखा प्रमुख - सदस्य सचिव

१२. यस भन्दा अगाडि भए गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ ।